iPPAN

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१९ चैत २०८०, सोमबार (1 April 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ बिजली निर्यातमा नयाँ रेकर्ड

# भारतमा दैनिक ८०० मेगावाटसम्म बिजुली निर्यात

नयाँ पत्रिका

भारतीय बजारमा दैनिक आठ सय मेगावाटभन्दा बढी विद्युत् निर्यात भइरहेको छ । प्रिमनसुन सुरु भएसँगै प्राधिकरणले गत १४ जेठबाट भारतमा यस सिजनको विद्युत् निर्यात सुरु गरेको थियो । त्यसवेला चार सय मेगावाटसम्म विद्युत् निर्यात भएको थियो । तर, बीचमा गर्मी अत्यधिक हुँदा स्वदेशी माग बढ्न गई विद्युत् निर्यात रोकिएको थियो ।

पछिल्लो समयमा भएको वर्षाले खोलाहरूमा पानीको बहाव बढेको छ । गत हप्ता बाढीका कारण बन्द गरिएका अधिकांश जलविद्युत् परियोजना सञ्चालनमा आइसकेका छन् । अधिकांश जलविद्युत् परियोजनाबाट पूर्ण क्षमतामै विद्युत् उत्पादन हुन थालेपछि स्वदेशमा खपत भएर बढी भएको बिजुली

» पृष्ठ २ मा क्रमश:



● **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

गत वर्ष साढे ६ सय मेगावाटसम्म विद्युत् निर्यात गर्न सकेका थियौँ । अहिले सात-आठ सय मेगावाटभन्दा बढी बिजुली भारतमा निर्यात भइरहेको छ । अहिले प्रतियुनिट पाँचदेखि ६ भारतीय रुपैयाँसम्ममा विद्युत् निर्यात भइरहेको छ ।

### कुन दिन कति विद्युत् निर्यात ?

२३ असार - ७७८ मेगावाट

२४ असार - ७४८ मेगावाट

२५ असार - ७६९ मेगावाट

२६ असार - ७८९ मेगावाट

२७ असार - ७८९ मेगावाट

२८ असार - ८१२ मेगावाट

स्रोत : नेपाल विद्युत् प्राधिकरण

■ मंगलबारयता

## पाँच ठूला उद्योगमा काटियो लाइन

विद्युत् प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता नतिरेको भन्दै पाँच उद्योगको लाइन काटेको छ । प्राधिकरणले रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा सिन्थेटिक्स र हुलास स्टिलमा विद्युत् कटौती गरेको हो । यी पाँच उद्योगले ४०-५० मेगावाटहाराहारीमा विद्युत् खपत गर्छन् ।

बक्यौता नतिरे अन्य उद्योगीको पनि लाइन काट्ने तयारीमा प्राधिकरण छ । प्राधिकरणका अनुसार ६१ उद्योगले डेडिकेटेड फिडर र ट्रंक लाइनबापतको आठ अर्ब २५ करोड ९७ लाख रुपैयाँ बक्यौता तिर्न बाँकी छ ।

## भारतमा दैनिक...

« पृष्ठ १ बाट क्रमश:

भारतमा निर्यात गर्न थालिएको छ । गत आइतबारयता भारतमा सात सय मेगावाटभन्दा बढी विद्युत् निर्यात हुन थालेको छ । शुक्रबार अर्थात् २९ असारमा भने अधिकतम ८१२ मेगावाट विद्युत् भारतमा निर्यात भएको नेपाल विद्युत् प्राधिकरणको तथ्यांक छ । यसअघि गत ६ कात्तिकमा भारतमा ७३२ मेगावाट विद्युत् निर्यात भएको थियो । यस वर्ष उक्त रेकर्ड तोडिएको हो । गत वर्ष २९ असारमा ३७५ मेगावाट विद्युत् निर्यात भएको थियो ।

गत २३ असारमा ७७८ मेगावाट, २४ असारमा ७४८ मेगावाट, २५ असारमा ७६९ मेगावाट, २६ असारमा ७८९ मेगावाट, २७ असारमा ७८९ मेगावाट र २८ असारमा ८१२ मेगावाटसम्म विद्युत् निर्यात भएको छ । आठ सय मेगावाटभन्दा बढी विद्युत् निर्यात भएको यो पहिलोपटक हो ।

भारतले आफ्नो बजारमा सात सय मेगावाटहाराहारीमा विद्युत् निर्यात गर्न मिल्ने गरी परियोजना स्वीकृत गरेको छ । स्वीकृत सीमाभन्दा ५० प्रतिशतभन्दा विद्युत् बिक्री गर्न पाइने व्यवस्था छ । सोहीअनुसार विद्युत् निर्यात भइरहेको प्राधिकरणको भनाइ छ ।

अहिले दैनिक सात-आठ सय मेगावाटभन्दा बढी बिजुली भारत निर्यात भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । उनका अनुसार अहिले दैनिक रूपमा भइरहेको विद्युत् निर्यात हालसम्मकै उच्च छ । 'गत वर्ष साढे ६ सय मेगावाटसम्म विद्युत् निर्यात गर्न सकेका थियौँ । अहिले सात-आठ सय मेगावाटभन्दा बढी बिजुली भारतमा निर्यात भइरहेको छ,' उनले भने, 'अहिले प्रतियुनिट पाँचदेखि ६ भारतीय रुपैयाँसम्ममा विद्युत् निर्यात भइरहेको छ ।'

उनका अनुसार ११० मेगावाट मध्यकालीन सम्झौताअनुसार भारतको हरियाणा प्रदेशमा निर्यात भइरहेको छ । प्राधिकरणले प्रतियुनिट ५.२५ भारु (८.४० रुपैयाँ)मा पाँच वर्षसम्म बर्खायाममा मात्रै दुई सय मेगावाट विद्युत् बिक्री गर्ने गरी भारतको एनटिपिसी विद्युत् व्यापार निगमन (एनभिभिएन)सँग मध्यकालीन सम्झौता गरेको थियो । त्यसमा भारतको केन्द्रीय विद्युत् प्राधिकरणले हालसम्म ११० मेगावाट विद्युत् बिक्री गर्न मिल्ने गरी परियोजना स्वीकृत गरेको छ । सोहीअनुसार मध्यकालीन बजारमा ११० मेगावाट विद्युत् निर्यात भइरहेको छ । बाँकी ९० मेगावाट विद्युत् बिक्रीका लागि परियोजना स्वीकृत हुने चरणमा रहेको प्राधिकरणको भनाइ छ ।

अन्य विद्युत् भने भारतको इनर्जी एक्सचेन्ज मार्केटअन्तर्गतको रियल टाइम र डे-अहेड बजारमा प्रतिस्पर्धी मूल्यमा बिक्री भइरहेको छ, त्यसको औसत मूल्य पाँचदेखि ६ भारतीय रुपैयाँसम्म छ । प्राधिकरणले यो बर्खामा हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य लिएको छ ।

हाल नेपालको विद्युत्को जडित क्षमता ३२ सय मेगावाटहाराहारी छ । अहिले विद्युत्को उत्पादन झन्डै तीन हजार मेगावाट छ । त्यसमा २३ सय मेगावाट विद्युत् नेपालमै खपत भइरहेको छ । अन्य विद्युत् भारतमा निर्यात भइरहेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले गत वर्षको बर्खा सिजन (जेठदेखि मंसिरसम्म)मा १५ अर्ब ६२ करोड रुपैयाँको विद्युत् भारतर्फ निर्यात गरेको थियो । गत हिउँद (मंसिर-जेठसम्म) भने झन्डै १४ अर्बबराबरको विद्युत् आयात गरिएको थियो । प्राधिकरणले कात्तिक ०७८ यता भारतमा व्यावसायिक रूपमा विद्युत् आयात-निर्यात गर्दै आएको छ । त्यसभन्दा पहिला इनर्जी बैंकिङ (ऐँचो-पैँचो)का रूपमा नेपाल र भारतबीच विद्युत् आयात-निर्यात हुने गर्थ्यो । स्वदेशी माग धान्न नेपालले सन् १९७१ देखि नै भारतबाट विद्युत् आयात गर्दै आएको थियो ।

**कर्णाली प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**प्रदेश अस्पताल**

**वीरेन्द्रनगर, सुर्खेत**

**विद्युतीय बोलपत्र आव्हानको सूचना**

**दोस्रो पटक प्रकासित मिति : २०८१/०३/३० (14 July 2024)**

अस्पतालबाट चालु आ.ब. २०८०/८१ मा निम्न खरिद कार्य विद्युतीय बोलपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले प्रथम पटक प्रकाशित सूचना बमोजिम दर्ता भएको बोलपत्र सारभूत रुपमा प्रभावग्राही नभएको पाईएकोले दोस्रो पटक सूचना प्रकाशित गरिएको हुदाँ सम्बन्धित कार्यमा इजाजत पत्र प्राप्त फर्म वा कम्पनीले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइट www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरि तोकिएको मिति तथा समय भित्र बोलपत्र पेश गर्न यो सूचना प्रकासित गरिएको छ ।

| IFB No. | Description | Bid Security | Last date of Bid Submission |
|---|---|---|---|
| PH/Karnali/NCB-28/080-81 | Supply & Installation of FTP Module for 16 Slice CT Scanner. | NPR. 1,56,000.00 | 2081/04/14, Before 12:00 noon. |

**अस्पताल निर्देशक**

karobar
1st National Economic Daily
कारोबार
नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक

# तनहुँ जलविद्युत आयोजना : प्रसारणलाइन निर्माण प्रभावित




तनहुँ (रासस)- १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनाअन्तर्गत प्याकेज-३ को काम प्रभावित भएको छ। प्याकेज-३ अन्तर्गत प्रसारणलाइन निर्माणको काम वन क्षेत्रका कारण प्रभावित भएको हो।

वन क्षेत्रको जग्गा प्रयोग र त्यहाँ रहेका रुखबिरुवा हटाउन स्वीकृति नपाउँदा प्रसारणलाइन निर्माण कार्य प्रभावित भएको आयोजनाका निमित्त प्रमुख श्यामजी भण्डारीले जानकारी दिए।

प्रसारण लाइन निर्माणका लागि रुख कटान गर्न सरकारका तर्फबाट स्वीकृति प्राप्त भइसके पनि स्थानीयस्तरमा सहमति नहुँदा प्रसारणलाइन निर्माणको काम प्रभावित भएको उनको भनाइ छ। तनहुँतर्फको भागमा समस्या नरहे पनि चितवनतर्फ समस्या रहेकाले समस्या समाधान गर्नेतर्फ आयोजना लागिरहेको भण्डारीले बताए।

प्रसारणलाइन निर्माणको काम हालसम्म ७३ दशमलव पाँच प्रतिशत सकिएको छ । प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये हालसम्म ७७ टावरको जग हाल्ने र ६९ टावर जडान कार्य सम्पन्न भइसकेको छ। तीन टावरको जग हाल्ने कार्य जारी रहेको बताउँदै भण्डारीले २० वटा टावरको जग संरक्षण कार्य सम्पन्न भएको जानकारी दिए । उनका अनुसार दुई स्थानमा जग संरक्षणको काम भइरहेको छ।

केईसी इन्टरनेसनल, भारतले दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको ३६ किलोमिटर डबल सर्किट प्रसारणलाइन निर्माणकार्य गरिरहेको छ । प्रसारण लाइन निर्माणको काम सन् २०२२ मेसम्म सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिड-१९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ हुँदा सम्झौताको म्याद थप गरिएको थियो । प्रसारणलाइन निर्माणको अवधि विसं २०८१ पुस ४ गतेसम्म रहेको छ।

प्रसारणलाइन निर्माणका लागि कुल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ । तनहुँतर्फ व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिने आयोजनाले जनाएको छ।

आयोजनाको मुख्य निर्माण कार्यलाई तीन प्याकेजमा विभाजन गरी काम भइरहेको छ। प्याकेज-१ अन्तर्गत १४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्ददा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेबाट कार्यान्वयनमा आएको थियो। प्याकेज-१ को हालसम्मको प्रगति ३३ दशमलव दुई प्रतिशत भएको छ।

आयोजनाको सुरुङ, विद्युतगृह निर्माण र हाइड्रोमेकालीन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका प्याकेज-२ को निर्माण कार्यका लागि सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गतेखरिद सम्झौता भएको थियो।

निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौताबमोजिम निर्माण कार्य सुरु गर्न कार्यादेश जारी गरेपश्चात सिनो हाइड्रोले विसं २०७५ माघ ६ बाट आयोजनास्थलमा परिचालित भई निर्माण जारी राखेको छ। भूमिगत विद्युतगृह खन्ने काम सम्पन्नगरी कंक्रिटिङ तथा टर्बाइनलगायतका उपकरण जडान भइरहेको छ। टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ मुख्य सुरुङ खनिरहेको छ। यस प्याकेजको हालसम्म ५६ प्रतिशत प्रगति भएको छ।

आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण
www.abhiyandaily.com
राष्ट्रिय दैनिक

तनहुँ जलविद्युत् आयोजना

# रूख कटान गर्न नपाउँदा प्रसारण लाइनको काम प्रभावित

दमौली । १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्याकेज-३ को कामले गति लिन सकेको छैन । प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माण कार्य वन क्षेत्रका कारण प्रभावित भएको हो । वन क्षेत्रको जग्गा प्रयोग गर्न र त्यहाँ रहेका रुखबिरुवा हटाउन स्वीकृति नपाउँदा प्रसारण लाइन निर्माण अघि बढाउन समस्या भएको आयोजनाका निमित्त प्रमुख श्यामजी भण्डारीले जानकारी दिए ।



प्रसारण लाइन निर्माणका लागि रुख कटान गर्न सरकारका तर्फबाट स्वीकृति प्राप्त भइसके पनि स्थानीयस्तरमा सहमति नहुँदा काम प्रभावित भएको उनको भनाइ छ । तनहुँतर्फको भागमा समस्या नरहे पनि चितवनतर्फ समस्या रहेकाले समस्या समाधानको प्रयासमा आयोजना लागिरहेको भण्डारीले बताए । प्रसारण लाइन निर्माण हालसम्म ७३ दशमलव पाँच प्रतिशत सकिएको छ । प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये हालसम्म ७७ टावरको जग हाल्ने र ६९ टावर जडान कार्य सम्पन्न भइसकेको छ । तीन टावरको जग हाल्ने कार्य जारी रहेको भन्दै भण्डारीले २० ओटा टावरको जग संरक्षण कार्य सम्पन्न भएको जानकारी दिए । उनका अनुसार दुई स्थानमा जग संरक्षणको काम भइरहेको छ ।

केइसी इन्टरनेसनल, भारतले दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको ३६ किलोमिटर डबल सर्किट प्रसारण लाइन निर्माण गरिरहेको छ । प्रसारण लाइन निर्माणको काम सन् २०२२ मेसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिड-१९ को महामारी र वन क्षेत्रको रुख कटानकोस्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ हुँदा सम्झौताको म्याद थप गरिएको थियो । प्रसारण लाइन निर्माणको अवधि विसं २०८१ पुस ४ गतेसम्म रहेको छ ।

प्रसारण लाइन निर्माणका लागि कुल ५९ कित्ता (२३ रोपनी पाँच आना) जग्गा अधिग्रहण गरिनेछ । तनहुँतर्फ व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिने आयोजनाले जनाएको छ । आयोजनाको मुख्य निर्माण तीन प्याकेजमा विभाजन गरी भइरहेको छ । प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेबाट कार्यान्वयनमा आएको थियो । प्याकेज-१ को हालसम्मको प्रगति ३३ दशमलव दुई प्रतिशत भएको छ । आयोजनाको शुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका प्याकेज-२ को निर्माण कार्यका लागि सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गते खरीद सम्झौता भएको थियो ।

निर्माण सुपरिवेक्षण परामर्शदाताले खरीद सम्झौता बमोजिम निर्माण कार्य शुरू गर्न कार्यादेश जारी गरेपश्चात् सिनो हाइड्रोले विसं २०७५ माघ ६ बाट आयोजनास्थलमा परिचालित भई निर्माण जारी राखेको छ । भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्बाइनलगायतका उपकरण जडान भइरहेको छ । टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ भने मुख्य सुरूङ खन्ने काम भइरहेको छ । यस प्याकेजको हालसम्म ५६ प्रतिशत प्रगति भएको छ । *रासस*